केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०७/०६८/६९ मिति: २०६८/०६/०३

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तत्काल राहत कार्यक्रम, २०६८ घोषणा भएको सन्दर्भमा उक्त कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरुले तत्काल कार्यान्वयनमा ल्याउन आवश्यक सो कार्यक्रममा उल्लिखित देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. उपरोक्त कार्यक्रममा उल्लेख भए बमोजिम बैंक तथा वित्तीय संस्थाहरूबाट जनसाधारणलाई प्रदान गरिने बैंकिङ सेवालाई सरल, सहज र सुविधाजनक तुल्याउन सेवा शुल्कहरूलाई व्यवस्थित गर्न यस बैंकबाट मिति २०६७।०९।०९ मा जारी गरिएको *"बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने सेवा तथा सेवा शुल्क सम्बन्धी मार्गदर्शन, २०६७"* लाई प्रभावकारी रुपले कार्यान्वयनमा ल्याउनु हुन।

२. साना व्यवसायीमा कर्जा प्रवाह बढाउनु हुन र लघुवित्त संस्थाहरुबाट हुने कारोवारको पहुँच विपन्न वर्ग र पिछडिएको क्षेत्रमा पुऱ्याउन लघुवित्त कार्यक्रमलाई प्रोत्साहन गरी सो वर्गमा जाने कर्जामा सहुलियत व्याजदरको व्यवस्था गर्नु हुन।

३. इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थामा हाल प्राकृतिक व्यक्ति निक्षेपकर्ताको नाममा बचत तथा मुद्दती खातामा रहेको रु २ लाखसम्मको निक्षेप सुरक्षण गर्ने व्यवस्था भइरहेकोमा सो रकमलाई वृद्धि गरी क्रमशः रु ५ लाखसम्मको निक्षेप "निक्षेप तथा कर्जा सुरक्षण निगम" सँग सुरक्षण गराउने आवश्यक व्यवस्था मिलाउनु हुन।

४. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं १५ को बुँदा नं ५ पछि देहायको बुँदा नं ५क. थप गरिएको छ :-

*"५क. विपन्न वर्ग कर्जाको व्याज दरमा सुहुलियत दिने*
*यस बैंकबाट जारी इ.प्रा निर्देशन नं १७ (विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था) बमोजिम दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्द्व पिडित, एकल महिला, अपाङ्ग तथा जेष्ठ नागरिकहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने विपन्न वर्ग कर्जामा लिने ब्याज दरमा एक प्रतिशत बिन्दुले सहुलियत दिने व्यवस्था गर्नुपर्नेछ।"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

५. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं १७ को बुँदा नं ३ को उपबुँदा (ट) पछि देहाय बमोजिमको उपबुँदा (ठ) थप गरिएको छ :-

*"(ठ) रिक्सा सञ्चालन हुने तराईका सम्पूर्ण जिल्लाहरुमा रिक्सा चालकहरुलाई आफ्नै स्वामित्वमा रिक्सा खरिद गरी आफै संचालन गर्ने प्रयोजनका लागि उक्त रिक्साकै धितोमा प्रवाह भएको कर्जा।"*

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
८. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
११. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं।
१२. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।
१३. श्री निक्षेप तथा कर्जा सुरक्षण निगम, टंगाल, काठमाडौं।